# गोरखापत्र २०८१ साल बैशाख ५ गते बुधबार

## वस्तुगत प्रश्नोत्तर

१. **नेपाल सरकारले कुन फललाई राष्ट्रिय फल घोषणा गरेको छ ?**

✍ सुन्तला

- विसं २०८० चैत ३० को मन्त्रीपरिषद् बैठकले सुन्तलालाई राष्ट्रिय फलको मान्यता प्रदान गरेको छ ।
- मुलुकभित्रको आन्तरिक उत्पादनलाई ब्रान्डिङ गर्ने उद्देश्यका साथ राष्ट्रिय फल घोषणा गरिएको हो ।
- नेपालमा हाल सुन्तलाको वार्षिक उत्पादन एक लाख ८५ हजार टन रहेको छ ।
- आर्थिक वर्ष २०७९/८० मा २७ हजार ८९२ हेक्टर क्षेत्रफलमा सुन्तला खेती गरिएको छ ।
- ४८ जिल्लामा एक हेक्टरभन्दा बढी क्षेत्रफलमा व्यावसायिक खेती गरिएको छ ।
- अन्नबालीभन्दा सात गुना बढी लाभदायक छ ।
- कृषिको कुल गार्हस्थ उत्पादनमा ०.९६ प्रतिशत योगदान रहेको छ ।
- नेपालमा वार्षिक ३० अर्ब ६१ करोड रुपियाँको कारोबार हुन्छ । वार्षिक सात लाख व्यक्तिलाई यो खेतीले प्रत्यक्ष रोजगारी दिएको छ ।

२. **गोरखापत्र दैनिकमा नयाँ नेपाल बहुभाषा पृष्ठ अन्तर्गत प्रकाशित हुने मातृभाषाको सङ्ख्या कति रहेको छ ?**

✍ ४३

- याक्खा र डडेलधुरेली गरी दुई मातृभाषा थप भएका छन् ।
- यसअघि गोरखापत्र दैनिकमा नेपालीबाहेक विभिन्न ४१ मातृभाषामा समाचारमूलक सामग्री प्रकाशन हुँदै आएको थियो ।
- २०६४ असोज १ गतेदेखि गोरखापत्र दैनिकमा नयाँ नेपाल शीर्षक अन्तर्गत विभिन्न मातृभाषामा बहुभाषा (समावेशी) पृष्ठ प्रकाशन प्रारम्भ भएको हो ।
- मातृभाषाले राष्ट्रभाषाका रूपमा संवैधानिक मान्यता पाएपछि सञ्चार माध्यमलाई पनि समावेशी बनाउने नीति अनुरूप गोरखापत्र दैनिकमा विभिन्न राष्ट्रभाषा समावेश गरी समाचार एवं रचना प्रकाशन गर्ने निर्णय गरिएको थियो ।

३. **एसियाली विकास बैङ्क (एडिबी) ले सन् २०२४ अप्रिलमा सार्वजनिक गरिएको प्रतिवेदन 'एसियाली विकास परिदृश्य' अनुसार सन् २०२४ मा नेपालको आर्थिक वृद्धिदर कति हुने अनुमान छ ?**

✍ ३.६ प्रतिशत

- यसअघि विश्व बैङ्कले आव २०८०/८१ मा नेपालको आर्थिक वृद्धिदर ३.३ प्रतिशत हासिल हुने प्रक्षेपण गरेको छ ।
- भारतमा मुद्रास्फीति घटिरहेकाले नेपालको मूल्यवृद्धि ६

१४. **नेपाल व्यवस्थापन सङ्घका अनुसार आव २०८०/८१ मा नेपालको आर्थिक वृद्धिदर कति हुने अनुमान छ ?**

✍ ३.०९ प्रतिशत

- सङ्घले २०८० चैत २५ मा सार्वजनिक गरेको तथ्याङ्कमा सो उल्लेख गरिएको छ ।
- गत आवमा १.९ प्रतिशतको आर्थिक वृद्धि हासिल भएकोमा चालु आवमा ६ प्रतिशतको आर्थिक वृद्धि गर्ने सरकारी लक्ष्य छ ।
- नेपालमा गैरसरकारी संस्थाबाट जिडिपीको गणना गरिएको यो पहिलो पटक हो ।
- नेपालमा जिडिपीसम्बन्धी अनुमानित र आधिकारिक तथ्याङ्क सार्वजनिक गर्ने अधिकार राष्ट्रिय तथ्याङ्क कार्यालयलाई मात्रै छ । विश्व बैङ्क जस्ता अन्तर्राष्ट्रिय निकायहरूले भने विशेष अधिकार प्रयोग गरेर जिडिपी वृद्धिको अनुमानित तथ्याङ्क सार्वजनिक गर्दै आएका छन् । त्यसबाहेकका निकाय तथा संस्थालाई जिडिपीको अनुमान गर्ने कानुनी अधिकार छैन ।

१५. **गण्डकी प्रदेशको दोस्रो आवधिक योजना (२०८१/८२–२०८५/८६) को आधारपत्र अनुसार योजनाको अन्त्यसम्ममा कति मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य छ ?**

✍ २००० मेगावाट

**दोस्रो आवधिक योजनाका प्रमुख लक्ष्य (आधारपत्र अनुसार)**

| विवरण | हालको अवस्था | पाँच वर्षपछिको लक्ष्य |
|---|---|---|
| आर्थिक वृद्धिदर | ३.३ प्रतिशत | ८ प्रतिशत |
| प्रतिव्यक्ति आय | १४९२ डलर | २५०० डलर |
| गरिबीको दर | ११.८८ प्रतिशत | ८ प्रतिशत |
| बहुआयामिक गरिबी | ९.६ प्रतिशत | ६ प्रतिशत |
| जलविद्युत् उत्पादन | ६ सय ६५ मेवा | २००० मेवा |
| प्रतिव्यक्ति विद्युत् खपत | २७० किलोवाट | ५०० किवा |
| रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा | ४४ प्रतिशत | ५५ प्रतिशत |
| मातृ मृत्युदर (प्रतिलाखमा) | १६१ | १०० |
| बाल मृत्युदर (पाँच वर्षमुनि) | ३३ | १४ |
| साक्षरता दर (पाँच वर्षमुनि) | ८१.७ प्रतिशत | ८५ प्रतिशत |
| माध्यमिक तह भर्नादर | ५७.४ प्रतिशत | ८५ प्रतिशत |
| मानव विकास सूचकाङ्क | ०.६१८ | ०.७० |

**स्रोत : नीति तथा योजना आयोग, गण्डकी प्रदेश**

१६. **नेपालकै लामो ट्रेल रेस प्रतियोगिताका रूपमा चिनिने मञ्जुश्री ट्रेल रेस उपाधि विजेता धावक को हुनुहुन्छ ?**

# गोरखापत्र २०८१ साल बैशाख ५ गते बुधबार

प्रतिशतको हाराहारीमा रहने एडिबीले प्रक्षेपण गरेको छ।

४. **चिकित्सा शिक्षा सुधारका निम्ति महत्त्वपूर्ण ठानिएको चिकित्सा शिक्षासम्बन्धी जाँचबुझ आयोग, २०२४ को प्रतिवेदन कहिले सार्वजनिक गरियो ?**

✍ विसं २०८० चैत २८

५. **ठमेल र दरबारमार्ग क्षेत्र कहिलेदेखि चोबिसै घण्टा खोल्न थालिएको हो ?**

✍ विसं २०८१ वैशाख १

- नयाँ वर्ष २०८१ बाट ठमेल र दरबारमार्ग क्षेत्रमा पूर्णकालीन (चोबिसै घण्टा) व्यवसाय सञ्चालन गर्न थालिएको हो।
- उपप्रधान एवं गृहमन्त्री रवि लामिछानेद्वारा ठमेल र दरबारमार्ग बजार क्षेत्र चौबिसै घण्टा व्यवसाय सञ्चालनको घोषणा गरिएको हो।

६. **हालै वातावरण र पर्यावरण क्षेत्रमा काम गर्न 'वातावरण प्रहरी' को व्यवस्था गर्ने महानगर कुन हो ?**

✍ ललितपुर महानगरपालिका

७. **विश्व बैङ्कद्वारा २०८० चैत २० मा सार्वजनिक 'साउथ एसिया डेभलपमेन्ट अपडेट' प्रतिवेदन अनुसार नेपालमा रोजगारीको अनुपात विगत २३ वर्षमा कति प्रतिशतले घटेको छ ?**

✍ ११ प्रतिशत

- काम गर्ने जनसङ्ख्या बढ्दै गएको तर सो अनुरूप रोजगारी सिर्जना गर्न नसक्दा नेपालमा रोजगारीको अनुपात घट्न पुगेको विश्व बैङ्कले जनाएको।

८. **भरतपुर महानगरपालिका र कालीकोटको पचालझरना गाउँपालिकाबिच भगिनी सम्बन्ध कहिले कायम भएको हो ?**

✍ विसं २०८० चैत २६

- दुई पालिकाबिच आर्थिक, सांस्कृतिक, सामाजिक तथा पर्यटकीय क्षेत्रमा सहकार्य र समन्वय गरी अगाडि बढ्ने सहमतिसहित नौ बुँदे समझदारीपत्रमा हस्ताक्षर गरी भगिनी सम्बन्ध कायम गरिएको हो।

९. **सहकालका देवता भनी चिनिने हिमाल कुन हो ?**

✍ अन्नपूर्ण हिमाल

१०. **सस्टेनेबल डेभलपमेन्ट सोलुसन नेटवर्कद्वारा तयार पारिएको दिगो विकास प्रतिवेदन, २०२३ अनुसार नेपाल कति औँ स्थानमा रहेको छ ?**

✍ ९९ औँ

पहिलो : फिनल्यान्ड

अन्तिम : दक्षिणी सुडान (१६६ औँ)

✍ अर्जुन कुलुङ

- सय माइलको रेसमा उहाँले आफ्नै रेकर्ड तोड्दै च्याम्पियनसिप ट्रफी जित्नुभएको छ। उहाँले २६ घण्टा ५० मिनेट १५ सेकेन्डमा दौड पूरा गर्नुभएको छ।
- बेलायतका अलिस्टेयर मेस्सन २८ घण्टा २८ मिनेट ३५ सेकेन्डका साथ उपविजेता हुनुभयो।
- त्यस्तै ३३ घण्टा ५७ मिनेट ४० सेकेन्डमा रेस पूरा गरेका विजय मगर तेस्रो हुनुभयो।

१७. **सन् २०२४ मा भारतमा आयोजित एसएमएस फ्रेन्डसिप कप त्रिकोणीय टी–२० क्रिकेट प्रतियोगिताको उपाधि कसले जित्यो ?**

✍ नेपाल

१८. **हेमराज पहारी स्मृति पुरस्कार–२०८० कसलाई प्रदान गरियो ?**

✍ साहित्यकार सरुभक्त (राशि : एक लाख रुपियाँ)

१९. **भीम विराग सङ्गीत, साहित्य कला प्रतिष्ठान नेपालले बिजुली माया वन : श्रेष्ठ अन्तर्राष्ट्रिय सङ्गीत पुरस्कार–२०८० कसलाई प्रदान गऱ्यो ?**

✍ गीतकार राजेन्द्र थापा

- पुरस्कार राशि एक लाख रुपियाँ रहेको छ।
- त्यसै गरी गायिका निशा देसार भीम विराग युवा सङ्गीत पुरस्कार (राशि : २५ हजार रुपियाँ) बाट सम्मानित हुनुभएको छ।

२०. **अन्तर्राष्ट्रिय क्रिकेटमा एकै ओभरमा लगातार छ छक्का प्रहार गरी दुर्लभ कीर्तिमान कायम गर्न सफल नेपाली खेलाडी को हुनुहुन्छ ?**

✍ दीपेन्द्र सिंह ऐरी

- नेपाली राष्ट्रिय क्रिकेट टोलीका अलराउन्डर ऐरीले अन्तर्राष्ट्रिय क्रिकेटमा एकै ओभरमा लगातार छ छक्का प्रहार गर्ने पाँचौँ खेलाडीको रेकर्ड बनाउनुभएको छ।
- ओमानमा भएको एसिसी प्रिमियर कपमा कतारविरुद्ध नेपालका फिनिसर ऐरीले कतारका मध्यम गतिका बलर कमरान खानले फालेको अन्तिम ओभरमा लगातार छ छक्का प्रहार गर्नुभएको हो।
- अन्तर्राष्ट्रिय टी–२० मा एक ओभरमै छ छक्का हान्ने दीपेन्द्र तेस्रो खेलाडी बन्नुभएको छ। यसअघि यो कीर्तिमान भारतका युवराज सिंह र वेस्टइन्डिजका किइरोन पोलार्डका नाममा रहेको छ।
- ओडिआईमा दक्षिण अफ्रिकाका हर्सेल गिब्स र अमेरिकाका जसकरन मल्होत्राले एकै ओभरमा ६ छक्का प्रहार गरेका थिए।
- दीपेन्द्रको नाममा सर्वाधिक कम बलमा अन्तर्राष्ट्रिय

# गोरखापत्र २०८१ साल बैशाख ५ गते बुधबार

सार्कमा पहिलो : माल्दिभ्स (६८ औँ)
सार्कमा अन्तिम : अफगानिस्तान (१५८ औँ)

११. **एआई सेफ्टी समिट–२०२३ कहिले र कहाँ सम्पन्न भएको हो ?**

✍ सन् २०२३ नोभेम्बर १–२ (प्रथम सम्मेलन)

- सम्मेलनका क्रममा भएको ब्लेच्ले डिक्लेरेसनमा २९ राष्ट्रले हस्ताक्षर गरेका छन् ।

१२. **मुलुककै ठुलो विज्ञानपार्क कहाँ निर्माण हुने भएको छ ?**

✍ शैलुङ गाउँपालिका–८, फुस्रामाटा (दोलखा)

- शैलुङ गाउँपालिका–८ र मेलुङ गाउँपालिका–१ सिमानामा बन्ने सो पार्क निर्माणका लागि सामुदायिक वनले ५० रोपनी जग्गा उपलब्ध गराएको छ ।
- पार्कको निर्माण लागत अनुमान दुई करोड ७२ लाख रुपियाँ रहेको छ ।

१३. **हालै** (२०८० **चैत**) **जैविक विविधतासम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन कहाँ सम्पन्न भयो ?**

✍ पोखरा

- २०८० चैत २७–३० सम्म सम्मेलन आयोजना गरियो ।
- ३२ देशका दुई सयभन्दा बढी जैविक विविधता एवं कृषिसँग सम्बन्धित विज्ञ र सरोकारवालाको सहभागिता रह्यो ।
- सम्मेलनको उद्घाटन कृषि तथा पशुपन्छी विकासमन्त्री ज्वालाकुमारी शाहद्वारा गरियो ।

टी–२० अर्धशतक (चीनको हाङझोउमा भएको १९ औँ एसियाडमा मङ्गोलियाविरुद्ध) को अमर विश्व कीर्तिमान पनि रहेको छ ।

२१. **मनिराज वाङ्मय पुरस्कार कसलाई प्रदान गरियो ?**

✍ साहित्यकार वासुदेव त्रिपाठी र चूडामणि बन्धु

- पुरस्कार राशि एक लाख रुपियाँ रहेको छ ।
- २०७८ र २०७९ सालमा प्राविधिक कारणवश पुरस्कार वितरण हुन नसकेकाले यस वर्ष एकै पटक दुई जनालाई प्रदान गरिएको हो ।

२२. **रमणीय हाँडीकोट टापुकहाँ रहेको छ ?**

✍ बागलुङ

- बागलुङको जैमिनी नगरपालिका–१०, राङ्खानीमा हाँडीकोट रहेको छ ।
- जिल्लाको तेस्रो उच्च स्थानका रूपमा रहेको हाँडीकोट समुद्र सतहदेखि दुई हजार १९५ मिटरको उचाइमा अवस्थित छ ।
- हाँडीकोट चौबिसे राज्यका पालामा रहेको भुरेटाकुरे राज्य अन्तर्गत गनिन्छ ।
- यो ठाउँ सूर्योदय र सूर्यास्तको अवलोकनका लागि पनि उपयुक्त मानिन्छ ।
- तानसेन, बुटवल र गोरखपुरसम्मका ठाउँ नियाल्न सकिने यस डाँडाबाट माछापुच्छ्रे हिमाल र अन्नपूर्ण हिमशृङ्खलाको दृश्यावलोकन गर्न सकिन्छ ।

**प्रस्तुतकर्ता : टङ्क केसी**